नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
Financial Comptroller General Office

पत्र संख्याः ०७६।७७
चलानी नं. ६५८

मितिः २०७७/२/३२

कोष तथा लेखा नियन्त्रक कार्यालय,

सबै

विषयः आ. व. ०७६/७७ को आन्तरिक लेखापरीक्षण सम्वन्धमा।

आ.व.०७६/०७७ को त्यंहा जिल्लास्थित कार्यालयहरुको आन्तरिक लेखापरीक्षणको कार्य सम्पादन गर्ने सम्वन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ तथा अन्य प्रचलित नियमावलीमा भएका व्यवस्थाका अतिरिक्त देहायअनुसार गर्न यस कार्यालयको(महालेखा नियन्त्रक स्तरीय) मिति २०७७/०२/३२ को निर्ययअनुसार अनुरोध छ।

१. आ.व.०७६/०७७ को त्यंहा जिल्लास्थित कार्यालयको आन्तरिक लेखापरीक्षण बाडफांडको विवरण ३ दिनभित्र info@fcgo.gov.np मा पठाउने।

२. आ. व. ०७६/०७७ को आन्तरिक लेखापरीक्षण गर्दा उक्त कार्यालयको सवै प्रकारको चल, अचल सम्पत्तिको समेत लेखापरीक्षण गरि आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा जिन्सी मौज्दातको बार्षिक विवरण (म.ले.प. फा.न. ४१३) प्रमाणीकरण गरि महालेखा नियन्त्रक कार्यालयलाई समेत उपलब्ध गराउने

३ आ.व. ०७५/७६ को आन्तरिक लेखापरीक्षणबाट देखिएको मुख्य बेरुजुहरुलाई देहायबमोजिम जोखिम क्षेत्रको रुपमा पहिचान गरिएकोले आ. व. ०७६/०७७ को आन्तरिक लेखापरीक्षण कार्य सम्पादन गर्दा विशेष परिक्षण, जाच गरी प्रतिवेदन गर्ने गराउने।

३.१ आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा भए नभएको र यसको पर्याप्तता सम्वन्धमा:-

३.२ सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम खरिद कार्य सम्वन्धमा

- तोकीएको सिमाभन्दा बढी रकमको साझै खरिद गरे नगरेको
- एउटै प्रकृतिको कामको टुक्रा टुक्रा गरी खरिद गरे नगरेको
- भेरिएशन आदेश स्वीकृती नगराई भुक्तानी दिए नदिएको

क्रमशः

"नतिजामुखी प्रशासनः समृद्धि र सुशासन"
अनामनगर, काठमाण्डौं, फोनः ०१-४७७१२९०, ४७७१२९३, फ्याक्सः ०१-४७७१२९१
E-mail: info@fcgo.gov.np, Website: www.fcgo.gov.np

- कर बिजक विना पनि भुक्तानी गरे नगरेको
- म्याद भित्र कार्य सम्पन्न नगरेकोमा पुर्वनिर्धारीत क्षतीपुर्ति लिए नलिएको
- Provisional Sum बाट खर्च लेख्दा लागत अनुमान स्वीकृत गरी आवश्यक विल कागजात संग्लन गरे नगरेको
- Provisional Sum मा मुल्य समायोजन दिए नदिएको

३.३ कानून पालनाको कमजोर अवस्था सम्वन्धमा :-

- तलबी प्रतिवेदन पारित नगरी खर्च लेखेको छ छैन
- स्वीकृत कार्यक्रममा नभएको क्रियाकलापमा खर्च गरेको छ छैन
- खर्च शिर्षक/स्रोत फरक पारी भुक्तानी गरेको छ छैन
- बढी भुक्तानी गरेको छ छैन

३.४ आर्थिक वर्षको अन्त्यमा खर्च नभएको फिर्ता गर्नुपर्ने अन्तर सरकारी अख्तियारी तथा अनुदान फिर्ता गरे नगरेको

३.५ भुक्तानीमा नियमानुसार कर कट्टा गरे नगरेको/कर कट्टी रकम समेत बैंक दाखिला गरे नगरेको

३.६ नेपाल सरकारको लेखा निर्देशिका,२०७३ को परिपालना भए नभएको

३.७ संकलित राजस्व/ धरौटी बैक दाखिला तोकिएको समयमा गरे नगरेको

३.७ म्याद नाघेको / म्याद ननाघेको पेश्कीको लेखाकंन एकिन गर्ने

४. अन्तर सरकारी अख्तियारीबाट निकाशा भएको सम्पुर्ण खर्चको लेखापरीक्षण गरि प्रतिवेदन गर्ने ।

५. त्यहा जिल्लास्थित सम्पुर्ण कार्यालयहरुको आन्तरिक लेखापरीक्षण प्रतिवेदन भाद्र मसान्त भित्र अनिवार्यरुपमा TSA मा प्रविष्ट गर्ने ।

प्रकाश पुडासैनी १०७७/५/३१

उपमहालेखा नियन्त्रक